आज मिति २०८१।११।०७ गते बुधबारको दिन विहान ११:०० बजे यस वराहपोखरी गाउँपालिकाका अध्यक्ष श्री शालिकराम बन्जाराज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी निम्न विषयमा छलफल एवं निर्णय गरियो।

**उपस्थिति**

| क्र सं | पद | पदाधिकारीको नाम र थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री शालिकराम बन्जारा | |
| २ | उपाध्यक्ष | श्री भुवलराज राई | |
| ३ | प्र.प्र.अ./सदस्य सचिव | श्री दिल कुमार अधिकारी | |
| ४ | सदस्य | श्री ढक बहादुर कार्की | |
| ५ | सदस्य | श्री पदम बहादुर मगर | |
| ६ | सदस्य | श्री तारा कुमार राई | |
| ७ | सदस्य | श्री सन्तोष आचार्य | |
| ८ | सदस्य | श्री फौदराज राई | |
| ९ | सदस्य | श्री दुर्गा बहादुर राई | |
| १० | सदस्य | श्री गणेश बहादुर परियार | |
| ११ | सदस्य | श्री पुर्ण बहादुर माझी | |
| १२ | सदस्य | श्री चिजा दर्जी | |
| १३ | सदस्य | श्री शोभा राई | |
| १४ | सदस्य | श्री कमला नेपाली | |
| १५ | सदस्य | श्री मनिशा विश्वकर्मा | |

आमन्त्रित

१. सुजेब तमाङ - स्वा.प्र.अ.

**प्रस्तावहरु**

१. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा।
२. गाउँपालिकाको Back Hoe Loader (JCB) बाट हुने सडक मर्मत सम्बन्धमा।
३. प्रोत्साहन सम्बन्धमा।
४. गाउँ शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा।
५. राष्ट्रिय परिचय पत्र सम्बन्धमा।
६. चिसापानी-धाप्लाङघाट, वराहपोखरी-धाप्लाङघाट तथा साउनेचउर-धाप्लाङघाट सवारी साधन संचालन सम्बन्धमा।
७. प्र अ नियुक्ति सम्बन्धमा।
८. तह वृद्धि सम्बन्धमा।
९. आर्थिक सहायता सम्बन्धमा।

**निर्णय नं १:** अघिल्लो कार्यपालिका बैठकको समिक्षा गरियो।

**निर्णय नं. २:** यस वराहपोखरी गाउँपालिकाबाट सञ्चालित Back Hoe Loader (JCB) को परिचालन गर्नु पूर्व सम्बन्धित वडाका प्राविधिकबाट लागत अनुमान (Estimate) तयार गरिसकेपछि मात्र सम्बन्धित वडामा Back Hoe Loader (JCB) परिचालन गर्ने र सोको कार्य सम्पन्न प्राविधिक मूल्यांकन सम्बन्धित वडाका प्राविधिकबाट गाउँपालिकाको कार्यालयमा पेश गर्न निर्देशन दिन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. ३:** यस वराहपोखरी गाउँपालिकामा अन्यत्र स्थानीय तहहरुबाट स्थायी रुपमा बसाइसरी आई नयाँ घर निर्माण गरी बसोबास गर्ने भएमा निजको निर्माणाधीन घरको ७५% निर्माण सम्पन्न प्रगति प्रतिवेदन, निजको पारिवारिक स्थिति तथा निर्माण भएका घरको प्रकृतिका आधारमा निज परिवारलाई प्रोत्साहन स्वरुप रु. २० हजार देखि रु. १ लाखसम्मको रकम बराबरको छानाका लागि जस्तापाता उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. ४:** यस वराहपोखरी गाउँपालिकाको गाउँ शिक्षा समितिको मिति २०८१।१०।२३ गतेको निर्णय अनुमोदन गर्ने तथा विद्यालयलाई वितरण गरिएको पुस्तकालय व्यवस्थापन योजना गाउँपालिकाबाट खरिद तथा व्यवस्थापन गरी सम्बन्धित विद्यालयलाई हस्तान्तरण गर्ने निर्णय गरियो।

निर्णय नं ५: यस वराहपोखरी गाउँपालिकाबाट प्रदान गरिने सामाजिक सुरक्षा भत्ताको सम्बन्धमा भत्ता प्राप्त गर्ने सम्बन्धित लाभग्राहीहरुको राष्ट्रिय परिचय पत्र भए नभएको बारे सम्बन्धित वडा कार्यालयबाट तथ्याङ्क संकलन गर्न र सो सम्बन्धी आवश्यक प्रकृया अगाडी बढाउने निर्णय गरियो।

**निर्णय नं. ६:** यस गाउँपालिका अन्तर्गत चिसापानी-धाप्लाङघाट, वराहपोखरी-धाप्लाङघाट तथा साउनेचउर-धाप्लाङघाट रुटमा सवारी साधन (बस) संचालन गर्न सम्बन्धित यातायात व्यवसायीले यस गाउँपालिकाको कार्यालय, सम्बन्धित वडासँग आवश्यक समन्वय गरी सवारी साधन (बस) सञ्चालन गर्ने निर्णय गरियो।

**निर्णय नं ७:** यस वराहपोखरी गाउँपालिका अन्तर्गत सञ्चालित तपसिल विद्यालयमा निम्न शिक्षकलाई सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार प्रधानाध्यापक नियुक्तिका लागि सिफारिस भई आएकोले यस वराहपोखरी गाउँपालिकाको शिक्षा नियमावली, २०७६ को परिच्छेद-९ को नियम ५० को उपनियम (२) बमोजिम प्रधानाध्यापक नियुक्ति गर्ने निर्णय गरियो।

**तपसिल**

| सि.नं | शिक्षकको नाम थर | विद्यालयको नाम ठेगाना |
|---|---|---|
| १ | सन्तोष श्रेष्ठ | श्री सिद्धेश्वरी आधारभूत विद्यालय, वराहपोखरी गा.पा.-३ सिन्ताङ |
| २ | चन्द्र प्रकाश विष्ट | श्री चकलीदेवी आधारभूत विद्यालय, वराहपोखरी गा.पा.-६ मौवाबोटे |

CamScanner